बाल सन्दर्भसामग्री

बालबोध- ४४

# कोइलीको घर



891.495
CDC-k
2060 c.1

बाल सन्दर्भसामग्री

891.495
CDC-K
2060

बालबोध-४४



# कोइलीको घर

(बालकथा)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© पहिलो संस्करण : २०६०

लेखन : ध्रुव घिमिरे

कार्यक्रम संयोजन : हर्कप्रसाद श्रेष्ठ
जयप्रसाद लम्साल

सामगी संयोजन : भरत नेपाली प्याकुरेल

भाषा सम्पादन : विष्णुप्रसाद अधिकारी
शम्भुप्रसाद दाहाल
लोक प्रकाश पण्डित

आवरण विकास : टार्जन राई

टाइपिङ्ग : लक्ष्मी कार्की

Ac. 1055 c1

ISBN : 99933 -708 -2 -7

छपाइ प्रति : २४००० प्रति

मुद्रण : रोशन अफसेट प्रिन्टर्स
कोटेश्वर काठमाडौँ
फोनं. ४४८१४३३

# हाम्रो भनाइ

पाठ्यक्रम विकास केन्द्रबाट निर्माण गरिएका विविध पाठ्यसामग्रीहरूमध्ये बालसन्दर्भ सामग्रीले बालबालिकाको मनोवैज्ञानिक स्थितिअनुरूपको पढाइप्रतिको अभिरुचि, अध्ययन रुचि, जिज्ञासु प्रवृत्ति एवम् सिकाइक्रमको परिधिलाईसमेत अझ विस्तृत गरी दरिलो पार्न प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा राखेको छ ।

यिनै तथ्यलाई आत्मसात् गर्दै विद्यालय पाठ्यक्रममा समाविष्ट अन्तर्निहित मर्मलाई अझ बढी सबलीकृत गर्ने मूल उद्देश्य बालसन्दर्भ सामग्रीले लिएको छ ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरन्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वअध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवन शैलीमा उतार्न सकून् भन्ने अभीष्ट राखिएको छ ।

विगतका वर्षहरूमा विविध ४३ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यो वर्षमा पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी ४८ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल, तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । यी सामग्रीको विकासमा सल्लाह, लेखन, संयोजन, सम्पादन, चित्राङ्कन, रूपविन्यास एवम् उत्पादन कार्यमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्दछ ।

सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

२०६०

जगन्नाथ अवा
महानिर्देशक
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# कोइलीको घर



एक पटक जङ्गलका जनावर र चराहरूले पनि नयाँ वर्ष मनाउने सल्लाह गरे । त्यसैले उनीहरूले आफूहरूमध्येबाट आयोजक छाने ।



उनीहरूले गीतको प्रतियोगिता गरी नयाँ वर्ष मनाउने भए । प्रतियोगितामा प्रथम हुनेलाई चाहेको कुरा पुरस्कार दिने निधो गरे । यो खबर स्याल र चीलले सबैतिर पुऱ्याए ।



आयोजकले न्याउलो, मैना र जुरेलीलाई निर्णायक समूह बनाए । जङ्गल बीचको फराकिलो मैदानमा गीतको प्रतियोगिता सुरु भयो । गीत प्रतियोगितामा मीठामीठा गीत गाउने चराहरूले भाग लिए । जङ्गलका सबै चरा र जनावरहरू गीत सुन्न जम्मा भए ।



गीतसँग सङ्गीत चाहिन्छ नै । त्यसैले लुइँचेले मुरली बजायो । झ्याउँकिरीले झ्याली पिटी । हाँसले मादल ठोक्यो । सबैले ताली बजाए ।



धोबिनी चराले चुट्के भाकामा गीत गायो । "काफल पाक्यो, काफल पाक्यो" भन्दै काफल पाक्यो चराले झ्याउरे गीत सुनायो ।



"तीन तारा तीनतिर" भन्दै तित्राले घाँसे गीत गायो । अन्त्यमा "को हो ? को हो ?" भन्दै सुरिलो भाकामा कोइलीले गीत गाई ।



कोइलीको गीत सुन्दा सबै मख्ख परे । सबैभन्दा सुरिलो स्वर कोइलीकै ठहरियो । निर्णायक समूहले कोइली नै प्रथम भएको घोषणा गरे । सबैले ताली बजाए ।



"कोइली नानी ! तिमी पुरस्कारमा के चाहन्छ्यौ ?" आयोजकले सोधे ।
"हजुर, मेरो घर छैन । मलाई एउटा घर चाहिएको छ ।" कोइलीले भनी ।
"कस्तो घर चाहियो त ?" आयोजकले फेरि सोधे ।


"सुरुमा म सबैको घर हेर्छु अनि जुन घर मन पर्छ त्यस्तै घर मलाई पुरस्कार दिनुहोस् ।" कोइलीले भनी । "तिमीलाई जस्तो घर मनपर्छ । हामी त्यस्तै घर तिमीलाई बनाइदिनेछौं ।" आयोजकले भने ।





भोलिपल्ट कोइली मन पर्ने घर हेर्न हिंडी । सबै चराहरू उसलाई आफनो छिमेकी बनाउन चाहन्थे । सबै चराले कोइलीलाई आफनो परिचय दिए र आआफनो घर देखाए ।

"म काग हुँ । म हिमाल, पहाड, तराई जहाँ पनि बस्न सक्छु । मेरो घर यही हो । तिमीलाई कस्तो लाग्यो ? हामी दुबै काला छौं । सँगै मिली बसौं ।" कागले आफ्नो घर देखाउँदै भन्यो ।



कागको घर अग्लो रूखमा थियो । त्यो घर मसिना झिक्रा, परालका त्यान्द्रा, पात र काठका टुक्राले बनेको थियो । कोइलीलाई आफूजस्तै कालो काग त मन पऱ्यो । कागको घर भने त्यति मन परेन । त्यसैले ऊ त्यहाँबाट अर्को घर हेर्न उडी ।





*" म हुँ मयूर, मेरो लामो सिउर*

*नाच मेरो देख्दा सबै छक्क हजुर ।"*

मयूरले नाच्दै आफ्नो परिचय दियो । उसले कोइलीलाई आफ्नो घर देखायो ।



मयूरको घर भुइँमा थियो । घरमा सुकेका पातहरू ओछ्याइएका थिए । घर केही खाल्टोमा थियो । कोइलीलाई मयूरको प्वाँख र नाच साह्रै राम्रो लाग्यो । उसको घर भने त्यति राम्रो लागेन । ऊ उडेर अन्तै गई ।



“म सारौँ हुँ । मलाई डाङ्ग्रे र रूपी पनि भन्छन् । मलाई साँझपख बाँसको झ्याङमा बसेर कराउन खुब मन लाग्छ ।” सारौँले कोइलीसँग भन्यो ।





कोइलीले सारौँको घर हेरी । रूखको टोड्का भित्र उसको घर थियो । यस घरमा घाम, पानी त्यति पर्दैनथ्यो । कालो गुफा जस्तो सारौँको घर कोइलीलाई मन परेन ।



"मेरो नाम गौँथली हो । म साह्रै छिटो उड्न सक्छु । म टाढासम्म घुम्न मन पराउँछु । मलाई वसन्त ऋतुमा नेपालमा बस्न मन लाग्छ । म तपाईंले जस्तो मीठो गीत गाउन त सक्दिनँ । घर भने म साह्रै राम्रो बनाउँछु ।" गौँथलीले कोइलीसँग भनी ।




गौँथलीले कोइलीलाई आफ्नो घर देखाई । हिलो माटोले बनेको उसको घर साह्रै राम्रो थियो । कोइलीलाई त्यो घर मन त पर्‍यो तर त्यो घर सानो थियो । कोइली घरको ढोकाबाट भित्र पस्न सकिन । त्यसैले ऊ उडेर अर्कै घर हेर्न हिंडी ।



कोइलीले भँगेरासँग परिचय गरी । उसले भँगेराको घर पनि हेरी ।

छानामा बनाएको भँगेराको सानो घर कोइलीलाई मन परेन ।



केहीबेरपछि कुखुराको भाइ लुइँचे दौडदै आयो । कोइलीसँग हात मिलायो । उसले आफ्नो घर देखायो । उसको घर पनि मयूरको जस्तै भुइँमै थियो । कोइलीले यो घर पनि मन पराइन ।

1055

*"मक मक घुर, मक मक घुर*
*आऊ मित लगाऔं, के छ तिम्रो सुर ?"*

परेवाले यसरी गीत गायो । कोइलीसँग हात मिलायो । "मेरो घर यही हो" भन्दै आफ्नो घर देखायो ।





परेवाको घर काठले बनेको थियो । परेवाको घरमा धेरै कोठाहरू थिए । घर टिनले छाइएको थियो । कोइलीलाई यो घर मन त पर्‍यो तर उसले परेवालेजस्तै मान्छेको नजिकै बस्न मन पराइन । त्यसैले ऊ अर्कै घर खोज्न हिँडी ।



“म सुगा हुँ । मलाई मानिसहरूले मन पराउँछन् । म मान्छेले जस्तै बोल्न सक्छु ।” सुगाले कोइलीलाई आफ्नो परिचय दिँदै भन्यो । उसले आफ्नो घर पनि देखायो ।



सुगाको घर रूखको दुलो भित्र थियो । त्यहाँ घाम छिर्दैनथ्यो । त्यस घरमा पानी पनि पर्दैनथ्यो । कोइली उज्यालो घरमा बस्न चाहन्थी । उसलाई ओडारजस्तो अँध्यारो सुगाको घर मन परेन ।



"मेरो नाम चिबे हो । तिमी र म काला छौं । म हरेक बिहानी "झ्यापी उठ् उठ् ....झ्यापी उठ् उठ्...." भनी गाउने गर्छु । हामी सँगै बसौं ।" चिबेले भन्यो र आफ्नो घर देखायो ।

चिबेको घर रूखमा थियो । रूखको मूल हाँगाको कापमा छेस्का, पात ओछ्याएर उसले घर बनाएको थियो । उसको घर कागको जस्तै खुला थियो । घरमा छाना थिएन । कोइलीलाई चिबेको घर पनि मन परेन ।



“हुटिटचाउँ..........“हुटिटचाउँ” हुटिटचाउँले आफ्नो परिचय दियो । “म तराई, बेसी, खोलाको किनारमा बस्छु ।” उसले भन्यो – “तिमी नयाँ वर्षमा मात्र गाउँछौ म सधैँ गाउँछु ।” हुटिटचाउँले फुर्ती देखायो ।



कोइलीले हुटिटचाउँको घर हेरी । घर बगरको बीचमा थियो । घर ढुङ्गाको पर्खालले घेरिएको थियो । यसमा छानो थिएन । घाम, पानी दुबै नछेक्ने यो घर कोइलीलाई मन परेन ।






उसले जङ्गलमा भएका धेरै चराको घर हेरी तर उसलाई कसैको घर पनि राम्रो लागेन । अन्त्यमा ऊ फेरि आयोजककहाँ फर्की र सबै कुरा बताई ।



"मलाई कसैको घर पनि मन परेन । त्यसैले म यहाँ बस्दिन अर्कै देशमा जान्छु ।" उसले भनी । उसको कुरा सुनेर सबै दुःखी भए ।



"होइन, तिमी यही जङ्गलमै बस्नुपर्छ । यसरी नै नयाँ वर्ष मनाउनुपर्छ" भनी सबैले अनुरोध गरे । "हुन्छ, म जहाँ गए पनि नयाँ वर्ष मनाउन भने यहीँ आउनेछु ।" कोइलीले भनी ।



"मलाई कसैको घर पनि मन परेन । त्यसैले म यहाँ बस्दिन अर्कै देशमा जान्छु ।" उसले भनी । उसको कुरा सुनेर सबै दुःखी भए ।



"होइन, तिमी यही जङ्गलमै बस्नुपर्छ । यसरी नै नयाँ वर्ष मनाउनुपर्छ" भनी सबैले अनुरोध गरे । "हुन्छ, म जहाँ गए पनि नयाँ वर्ष मनाउन भने यहीँ आउनेछु ।" कोइलीले भनी ।

Ac. 1055 c1

हरेक वर्ष नयाँ वर्ष मनाउन कोइली हाम्रो देशमा आउने गरेकी छे । रूखमा बसी "को हो ! को हो ! भनी गीत गाउने गरेकी छे । उसको गीत सुनेर सबै मख्ख पर्छन् ।



# सरसफाइमा ध्यान पुऱ्याऔँ
# स्वस्थ र निरोगी बनौँ







